नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यलय, मुगु



# आर्थिक वर्ष २०७१/०७२ को

# बार्षिक समिक्षा गोष्ठी प्रतिबेदन

समिक्षा गोष्टी सम्पन्न भएको मितिः २०७२।०६।२१

# विषय सूची


१. पृष्ठभुमीः ..................................................3

२ कार्यक्रमको आचार सहिता ..................................................3

३ समिक्षा गोष्ठीको तयारी तथा संचालन ..................................................3

४. आर्थिक वर्ष २०७१।७२ को समिक्षाबाट विकास निर्माणका क्षेत्रमा देखिएका प्रमुख सुधारका क्षेत्र एवं चुनौतिहरूः ......5

५. समिक्षा वैठकबाट आएका सुझाब, प्रतिकृया र पृष्ठपोषणहरू ..................................................5

६. सस्थागत प्रस्तुती समय तालिका..................................................6

७. निश्कर्ष ..................................................7

८. समिक्षा गोष्ठिका केही झलकहरू ..................................................8

## १. पृष्ठभुमीः

कुनै निश्चित अवधीमा सरकारी निकायहरू, गैरसरकारी संघ संस्थाहरू तथा अन्य सेवा प्रदायक संस्थाहरूले संचालन गर्ने विभिन्न विकास निर्माण सम्बन्धी योजना, परियोजना, कार्यक्रम तथा अन्य गतिविधीहरूको पहिचान गर्ने, असल अभ्यासहरू देखिएको भए त्यसको निराकरण गर्ने र आभ्यासहरूको प्रचार र प्रवद्ध गर्ने, देखिएका भए त्यसको निराकरण गर्ने र अगामी दिनमा अझ गुणस्तरिय कार्य सम्पादनको लागि सुझाब र पृष्ठपोषण लिने उद्देश्यले समिक्षा कार्यक्रम गर्ने गरिन्छ । यिनै उद्देश्यहरू हासिल गर्नको लागि मुगु जिल्लामा आफ्नो कार्यक्षेत्र बनाइ आफ्ना विकास निर्माण सम्बन्धी गतिविधी संचालन गरि रहेका विभिन्न निकायहरूले गरेका काम कारवाहीको विश्लेषण, लेखाजोखा गर्न र भावि दिनमा अझ परिस्कृत रूपमा सेवा प्रवाहको लागि पृष्ठपोषण र सुझावहरू लिन जिल्ला विकास समिति मुगुले मितिः २०७२।०६।२१ मा बार्षिक समिक्षा गोष्ठी आयोजना गरेको थियो ।

## २ कार्यक्रमको आचार सहिता

जिल्ला विकास समिति द्वारा आयोजित यस बार्षिक समिक्षा कार्यक्रमका सहभागिहरुले निम्न आचारसंहिता पालना गर्नुपर्ने छ ।

१) कार्यक्रमको कार्यतालिका पूर्ण रुपमा पालना गर्नुपर्ने छ । निर्धारित समय भित्र आफ्नो प्रस्तुती पुरा गर्नु पर्नेछ ।

२) हरेक समूहका सम्पूर्ण प्रस्तुतिहरु समाप्त भइसकेपछि मात्र प्रश्न गर्न पाइनेछ । प्रश्न गर्न चाहने सहभागिले हात उठाएर संकेत दिनु पर्नेछ साथै कार्यक्रमको अध्यक्षको अनुमति पश्चात मात्र प्रश्न गर्न पाईने छ ।

३) एक पटक राखि सकिएको प्रश्न पुन दोहोऱ्याउन पाइने छैन ।

४) प्रश्न गर्दा व्यक्तिगत आक्षेप लगाउने किसिमका प्रश्न गर्न पाईने छैन ।

५) आगामि दिनमा के कसरी सुधार गर्न सकिन्छ सोको सुझाव सहितको प्रश्न राखिदिनु हुन समेत अनुरोध छ ।

६) प्रस्तुत कार्यतालिकामा कुनै कार्यालय वा संस्थाको नाम छुट हुन गएको भएमा त्यसको जानकारी गराउनु हुन अनुरोध छ ।

७) कार्यक्रम आवधि भर मोबाईल साईलेन्ट मोडमा राख्नु पर्ने छ ।

८) कार्यक्रम सफल पार्न सबै सहभागिले सहयोग गर्नु पर्ने छ ।

## ३ समिक्षा गोष्ठीको तयारी तथा संचालन

विषत बर्षको समिक्षा गोष्ठी मितिः २०७१।०४।०५ र ०६ मा सम्पन्न भएकोमा, यस बर्ष विभिन्न कारणले गर्दा निकै ढिलो भएको थियो तथापि विगतमा आएका सुझाब अनुरुप नै संबन्धित निकायहरूलाइ समयमा नै पत्राचार गरिएको तथा प्रस्तुतिको नमुना बनाइ वेवसाइटमा राखिएको थियो । समिक्षा गोष्ठी पुर्वनिर्धारित समय अनुसार ठीक ११ बजे शरू भएको थियो । समिक्षा गोष्ठीको सभापतित्व स्थानिय विकास अधिकारी श्री प्रल्हाद प्रसाद पुडासैनी बाट भएको थियो भने प्रमुख अतिथी रूपमा निमित्त प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी

प्रसाद भट्टराइको समुपस्थिती रहेको थियो । कार्यक्रमको अतिथीहरूमा जिल्लामा क्रियाशिल राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरू, नागरिक समाजका प्रतिनिधीहरू रहनु भएको थियो । समिक्षा गोष्ठी मा आमन्त्रण गरिए बमोजिम विभिन्न सरकारी निकायका प्रमुखहरू, गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधीहरू, नागरिक समाजका प्रतिनिधीहरू, संचारकर्मीहरूको उल्लेख्य उपस्थिती रहेको थियो । गोष्ठीमा महिला, दलित, जनजाती, अपांग लगायत सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन कर्णाली रोजगार कार्यक्रम इ. श्री विक्रम शाहीलेतथा प्राविधिक सहयोग इ.राजन पौडेल तथा इ. सुरेश कुमार थापाले गर्नु भएको थियो । बार्षिक समिक्षा गोष्ठीको उद्घाटन स्थानिय विकास अधिकारी र नि. प्रमुख जिल्ला अधिकारी ले संयुत रूपमा गर्नु भए पश्चात समिक्षा गोष्ठीमा विभिन्न निकायको तर्फबाट प्रस्तुतीहरू भएका थिए । आयोजना वा कार्यक्रमहरूको प्रस्तुतिको उपलब्ध गराइएको आधारमा विभिन्न निकायबाट प्रस्तुतिहरू भएका थिए । जिल्ला विकास समितिले सम्पुर्ण क्षेत्रमा कार्य सम्पादन गरेता पनि प्रमुख रूपमा प्रस्तुती भौतिक पुर्वाधारमा केन्द्रित योजनाहरूमा केन्द्रित थियो । प्रस्तुतिकरणलाइ व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन आचार संहिताको व्यवश्था गरिएको थियो । (अनुसुचीमा संलग्न छ) आचार संहिता प्रस्तुतिकरण प्रारम्भ हुनु अगावै वाचन गरेर सुनाइएको थियो । उक्त समिक्षा गोष्ठिमा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थावाट क्रमानुसार निम्न प्रस्तुतिहरू प्रस्तुत गरिएको थियो ।

- महिला तथा वालबालिका कार्यालय
- मुर्मा टप सामुदायिक विकास कार्यक्रम
- यु.एम.एन. मुगु
- ग्रामिण सामुदायिक संस्था
- जिल्ला कृषि विकास कार्यलय
- घरेलु तथा साना उ.वि. समिति
- मालपोत कार्यालय
- करानी सामुदायिक विकास केन्द्र
- कर्णाली सामुदायिक विकास केन्द्र
- असल छिमेकी
- खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय
- जिल्ला पशु सेवा कार्यालय
- जिल्ला स्वास्थय कार्यालय
- अपाङ्ग पुनस्थापना तथा ग्रामिण विकास संस्था
- सप्रोस नेपाल
- जिल्ला खेलकुद
- आइ.एन.एफ. मुगु
- ग्रामिण सामुदायिक विकास केन्द्र
- मालिका सामुदायिक विकास केन्द्र
- किर्डाक नेपाल
- जिल्ला वन कार्यालय
- जिल्ला पशु सेवा कार्यलय

- जिल्ला विकास समिति, मुगु
- छायाँ क्षेत्र सामुदायिक विकास केन्द्र

समग्र प्रस्तुति पश्चात अन्त्यमा सामुहिक छलफल र अन्तर्किया भएको थियो । जसमा सहभागी हरूले राखेको प्रश्न तथा जिज्ञासाको सम्बन्धित प्रस्तुतकर्ता तथा सम्बन्धित निकायका प्रमुखहरूले जवाफ दिनुभइ सुझाव र पृष्ठपोषण लिने कार्य भएको थियो । कार्यक्रमको अन्यमा विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीहरूबाट कार्यक्रमको बारेमा मन्तव्य, सल्लाह, सुझाब र पृष्ठपोषण प्राप्त भएको थियो । समग्र कार्यक्रमबारे आफ्नो धारण र मन्तव्य प्रकट गरे पश्चात सभाध्यक्षबाट सबैलाइ धन्यवाद सहित कार्यक्रम समापनको घोषणा भएको थियो ।

## ४. आर्थिक वर्ष २०७१।७२ को समिक्षाबाट विकास निर्माणका क्षेत्रमा देखिएका प्रमुख सुधारका क्षेत्र एवं चुनौतिहरूः

समिक्षा वैठकमा भएका प्रस्ततीकरण, छलफल र अन्तर्कियाका आधारमा आ.व.२०७१।७२ मा मुगु जिल्लाको समग्र विकास निर्माणका क्षेत्रमा देहाय बमोजिमका समस्या र चुनौतिहरू रहेको पाइयो ।

- समयमा अख्तियारी तथा मार्ग निर्देशन प्राप्त नहुनु ।
- कार्यलय प्रमुख तथा जिम्मेवार कर्मचारीहरू लामो समय जिल्लामा अनुपस्थित रहनु ।
- दरबन्दी बमोजिम कर्मचारी पदपुर्ती नहनु, दक्ष जनशत्तिको अभाव ।
- राजनैतिक दलहरू बिच समन्वय तथा विश्वासको कमि ।
- टुक्रे योजनाको संख्या धेरै हुनाले कार्यान्वयनतथा अनुगमन प्रभावकारी नहुनु ।
- विकट भौगोलिक वनावटको कारणले ढुवानी तथा सेवा प्रवाहमा प्रभावकारीता नहुनु ।
- लाभग्राहीमा योजनाहरूमा अपनत्वको बोध कम हुनु तथा कार्यक्रमहरूको दिगोपनलाइ सस्थागत गर्न नसक्नु ।

## ५. समिक्षा वैठकबाट आएका सुझाब, प्रतिकृया र पृष्ठपोषणहरू

- समिक्षा कार्यक्रम असार लगतै गर्नुपर्नेमा चौमासिक समिक्षा गर्ने वेलामा गरेकोमा राजनैतिक दल तथा अन्य सरोकारवालाहरूबाट गुनासो प्रकट ।
- प्रायजसो सरकारी तथा गैर सरकारी निकायहरू सदरमुकाम तथा सदरमुकाम नजिक का गा.वि.स.हरू पिना, रोवा, रूगा, कार्कीवाडा मा मात्र केन्द्रित हुनु ।
- केहि कार्यालय प्रमुख तथा प्रस्तुतिकर्ता प्रस्तुति पश्चात अन्तिम समयसम्म छलफलमा सहभागी नहुनु ।
- प्रस्तुतिहरू बुझ्न कठिन भएकोले सर्वसाधारणले बुझ्ने गरि सरलीकृत बनाउन पर्ने ।
- चौमासिक योजना अनुगमन तथा मुल्याङ्कनको काम प्रभावकारी रूपमा संचालन नभएको ।
- जिल्ला पशुसेवा कार्यालयबाट उन्नत जातका साँडे कहाँ कहाँ वितरण भएको प्रस्ट नभएको, प्रस्तुति अनुसार भए नभएकोमा शंका ।

- जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गतको प्राथमिक स्वस्थ्य केन्द्र रातापानिमा ४ बर्षबाट डाक्टरको दरबन्दी खाली तथा जिल्ला जनस्वास्थ्य कार्यालयमा २ बटा डाक्टरको दरवन्दी खाली भएकोमा तुरून्त पदपुर्ति गरिनुपर्ने ।
- अपाङ्ग पुनस्थापना तथा ग्रामिण विकास संस्थाबाट जिल्लाकै प्रष्ट डाटा उपलब्ध गराउन तथा अल्लि दुर्गम भेगमा सेवा विस्तार गर्नको लागि अनुरोध गरियो ।
- समिक्षाको प्रस्तुतिको लागि सुचना ढिलो प्राप्त भएकोले प्रस्तुतिमा प्रयाप्त समय दिन नसकिएको ।
- सरकारी निकाय तथा गैर सरकारी निकाय विच सेवा प्रवाहमा समन्वयको कमि ।
- कार्यक्रम तथा योजनाको समग्र प्रस्तुति भन्दा पनि प्रत्येक योजनाको प्रस्तुति हुनुपर्ने माग ।

## ६. सस्थागत प्रस्तुती समय तालिका

| क्र.सं. | प्रस्तुती गर्ने सस्थाको नाम | प्रस्तुती समय | कैफियत |
|---|---|---|---|
| १ | महिला तथा वालबालिका कार्यालय | ११: ००- ११:१५ | |
| २ | मुर्मा टप सामुदायिक विकास कार्यक्रम | ११: १५- ११:३० | |
| ३ | यु.एम.एन. मुगु | ११: ३०- ११:४५ | |
| ४ | ग्रामिण सामुदायिक संस्था | ११:४५- १२:०० | |
| ५ | जिल्ला कृषि विकास कार्यलय | १२: ००- १२:१५ | |
| ६ | घरेलु तथा साना उ.वि. समिति | १२: १५- १२:३० | |
| ७ | मालपोत कार्यालय | १२: ३०- १२:४५ | |
| ८ | करानी सामुदायिक विकास केन्द्र | १२: ४५- १:०० | |
| ९ | कर्णाली सामुदायिक विकास केन्द्र | १: ००- १:१५ | |
| १० | असल छिमेकी | १: १५- १:३० | |
| चिया नास्ता समय १: १५- १:३० | | | |
| ११ | खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय | १: ३०- १:४५ | |
| १२ | जिल्ला पशु सेवा कार्यालय | १:४५- २:०० | |
| १३ | जिल्ला स्वास्थय कार्यालय | २: ००- २:१५ | |
| १४ | अपाङ्ग पुनस्थापना तथा ग्रामिण विकास संस्था | २: १५- २:३० | |
| १५ | सप्रोस नेपाल | २: ३०- २:४५ | |
| १६ | जिल्ला खेलकुद | २: ४५- ३:०० | |
| १७ | आइ.एन.एफ. मुगु | ३: ००- ३:१५ | |
| १८ | ग्रामिण सामुदायिक विकास केन्द्र | ३: १५- ३:३० | |
| १९ | मालिका सामुदायिक विकास केन्द्र | ३: ३०- ३:४५ | |
| २० | किर्डाक नेपाल | ३: ४५- ४:०० | |
| २१ | जिल्ला वन कार्यालय | ४: ००- ४:१५ | |
| २२ | जिल्ला पशु सेवा कार्यलय | ४: १५- ४:३० | |
| २३ | जिल्ला विकास समिति, मुगु | ४: ३०- ४:४५ | |
| २४ | छायाँ क्षेत्र सामुदायिक विकास केन्द्र | ४: ४५- ५:०० | |
| | | | |

## ७. निश्कर्ष

एक आर्थिक वर्ष भित्र जिल्लामा संचालित विभिन्न स्थानिय तथा गैरसरकारी निकायका कार्यक्रम तथा योजनाहरूको समग्र रूपमा मुल्याङकन गरी प्रभानकारी कार्यान्वयन गर्ने क्रमका देखिएका समस्या तथा चुनौतिहरूलाइ एवं सुझाबहरूलाइ पृष्ठपोषणको रूपमा लिन बार्षिक रूपमा प्रगति समिक्षा गर्ने गरिन्छ। जसबाट आगामी योजना तथा कार्यक्रमलाइ प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि सहयोग हुन्छ । आ.ब. २०७१।७२ को समिक्षा गोष्ठीबाट समेत यस्तै सल्लाह, सुझाब तथा पृष्ठपोषण प्राप्त भएको छ । जसको आधारमा आगामी बर्षको योजना छनौट, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मुल्याङकन भै बिकास निर्माण कार्यलाइ प्रभावकारी, पारदर्शी एवं दिगो बनाउन सकिन्छ ।

## ८. समिक्षा गोष्ठिका केही झलकहरू








